संस्थागत सामाजिक परीक्षण
(२०८२/२०८३)

प्रतिवेदन



न्याय तथा अधिकार संस्था-नेपाल

प्रतिवेदक

वेदप्रसाद सापकोटा

(स्वतन्त्र सामाजिक परीक्षक)

आश्विन २१, २०८३

विषय सूची

१. परिचय 3

१.१ संस्थाको परिचय 3

१.२ परिदृश्य/परिकल्पना 3

१.३ ध्येय 4

१.४ रणनीतिक उद्देश्य 4

१.५ रणनीतिक स्तम्भहरू (Strategic Pillars) 4

१.६ लक्षित वर्ग 4

१.७ कार्यक्षेत्र 5

१.८ मूख्य कार्यक्रमहरु 5

१.९ संस्थाको संरचना 5

२. सामाजिक परीक्षण २०८३ 6

२.१ उद्देश्यहरु 7

२.२ सामाजिक परीक्षणका प्रयोग गरिएका विधि तथा तरिकाहरु 7

२.३ संस्थाका नेतृत्व वर्ग, व्यस्थापन र परियोजनाका कर्मचारीसंग अन्तरक्रिया 7

२.४ प्रारम्भिक तथा अन्तिम प्रतिवेदन तयारी 7

२.५ अध्ययनका सीमा तथा चुनौति 8

३. अध्ययनबाट पाईएका जानकारीहरु 8

३.१ अभिलेख अध्ययनबाट प्राप्त जानकारीहरु 8

३.२ संस्थाको वार्षिक बजेट तथा खर्च विवरण 13

३.३ लाभान्वीत समूह तथा सरोकारवालाहरुसंगको छलफलबाट पाइएका जानकारीहरू 14

४. कार्यक्रम सञ्चालनका दौरान यस वर्ष आएका चुनौतीहरु 16

५. संस्थाले सुधार गर्नुपर्ने कुराहरु 16

६. सामाजिक परीक्षणका दिन सहभागीहरुले व्यक्त गरेका कुराहरु 17

१. परिचय

१.१ संस्थाको परिचय

वि. सं. २०६८ भदौ २० गते स्थापित भएको न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल) नेपालमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनका साथै सामाजिक न्याय र विधिको शासनलाई सुदृढ बनाउने कार्यमा क्रियाशील एक गैर-सरकारी, गैर-राजनीतिक र गैर-नाफामूलक सामाजिक संस्था हो । सबैको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू सहित मानव अधिकारको सम्मान, संरक्षण र पालना हुने एक न्यायपूर्ण, शान्तिपूर्ण र समृद्ध समाजको रूपमा नेपालको विकासमा योगदान पुऱ्याउने हेतुले स्थापित जुरी-नेपाल नेपालमा मानव अधिकारको संरक्षणलाई सुदृढ पार्नका लागि नीति सम्बाद, पैरवी (एडभोकेसी), क्षमता अभिवृद्धि, मानव अधिकारको अनुगमन र मानव अधिकारका विभिन्न विषयहरूमा अनुसन्धान तथा अध्ययन गर्नुका साथै रणनीतिक मुद्दा मामिला (strategic litigation) लाई आप्नो एक प्रमुख दृष्टिकोण र माध्यमका रूपमा अपनाउँदै अघि बढेको छ । यो संस्था नेपालका विशेष गरी सीमान्तकृत र जोखिममा रहेका समुदायहरू सहित सबैका लागि मानव अधिकारको पूर्ण प्रत्याभूतिका लागि स्थानीय, प्रादेशिक, संघीय र अन्तरराष्ट्रिय स्तरमा समान विचारधारा भएका संस्थाहरू र व्यक्तिहरूबीच सहकार्य र साझेदारीमा विश्वास गर्दछ र यसलाई प्रवर्द्धन गर्दछ ।

यस संस्थाले खास गरेर लैंङ्गिक तथा सामाजिक समावेशीकरण र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई विशेष जोड दिँदै मानव अधिकारका विभिन्न क्षेत्रहरूमा वकालत, क्षमता अभिवृद्धि, अनुगमन र अनुसन्धान गर्नुका साथै रणनीतिक मुद्दा मामिला (strategic litigation) मानव अधिकारको संरक्षणलाई सुदृढ पार्न विभिन्न क्रियाकलापहरू गर्दै आएको छ । जुरीले नेपाल विशेष गरी सीमान्तकृत र जोखिममा रहेका समुदायहरूका लागि मानव अधिकारको पूर्ण प्रत्याभूति गराउन समान विचारधारा भएका साझेदारहरूबीच सहकार्यात्मक दृष्टिकोणमा विश्वास राख्दछ र यसलाई बढावा दिन्छ ।

संस्थागत सुशासनलाई सदैव चुस्त र सबल बनाइराख्न जुरी नेपाल स्थापनाकाल देखि नै प्रयत्नरत रही आएको छ । विधिको शासनलाई व्यवहारमा उतार्न संस्थाले विधान र विद्यमान कानुन अनुसारका विभिन्न नीति तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । सुशासन प्रवर्द्धन तथा पारदर्शिता वृद्धी गर्ने सशक्त औजारका रूपमा विगत ७ वर्ष यता वर्षेनी सामाजिक परीक्षण समेत गर्दै त्यसबाट आएका सुझाव तथा पृष्ठपोषणलाई समेटी संस्थागत गतिविधी सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा यस आर्थिक वर्षमा पनि यस संस्थाले आफ्नो संस्थागत सामाजिक परीक्षण तथा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरेको छ । यसका लागि एक जना स्वतन्त्र सामाजिक परीक्षण विज्ञ समेत नियुक्ति गरी सम्पन्न गरिएको संस्थागत सामाजिक परीक्षणका विधी, प्रक्रिया तथा उपलब्धि समेत समेटेर यो प्रतिवेदन तयार गरिएको छ ।

१.२ परिदृश्य/परिकल्पना

संस्थाले मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, सबैका लागि न्यायमा पहुँच र सङ्घीय प्रणालीको कार्यान्वयनमा योगदान पुऱ्याउदै सबैभन्दा जोखिममा रहेका तथा सीमान्तकृत वर्गहरूमाथि विशेष जोड दिइने परिकल्पना गरेको छ ।

१.३ ध्येय

मानवीय मर्यादा, मानव अधिकार, सामाजिक न्याय, समानता, विधिको शासन, सुसासन र सहभागितामक मूल्यमान्यताको सम्मान तथा संरक्षण गर्दै एक न्यायोचित, समावेशी र लोकतान्त्रिक समाज निर्माणमा योगदान र सहयोग गर्ने

१.४ रणनीतिक उद्देश्य

क. राष्ट्रिय मानव अधिकार संस्थाहरू र नागरिक समाज संस्थाहरूसँग क्षमता अभिवृद्धि र अधिकारमा आधारित संस्थाहरूसँग रणनीतिक सम्बन्ध निर्माण गरी मानव अधिकार संरक्षणलाई सुदृढ गर्ने ।

ख. लैङ्गिक तथा यौनिक हिंसा, मानवीय विभेद र कानुनी क्षेत्रहरूमार्फत पीडितहरूका लागि न्यायमा पहुँच पुऱ्याउन पहल गर्ने ।

ग. राज्य, गैरसरकारी तथा नीजि क्षेत्रका सबै तहमा सुसासन संवर्द्धन र संस्थागत उत्तरदायित्व सुदृढ गर्ने ।

१.५ रणनीतिक स्तम्भहरू (Strategic Pillars)

स्तम्भ १ : मानव अधिकार (विशेष गरी आर्थिक तथा सामाजिक अधिकार), सामाजिक न्याय र समावेशीकरण प्रवर्द्धन

स्तम्भ २ : न्यायमा पहुँच, विधिको शासन र संक्रमणकालिन न्याय

स्तम्भ ३ : संघीयता र असल शासन

१.६ लक्षित वर्ग

जुरी नेपाल (JuRI-Nepal) ले अधिकारमा आधारित दृष्टिकोण अंगीकार गरेको छ, जसले सीमान्तकृत र जोखिममा परेका समूहहरूको अधिकार संरक्षणका साथै अधिकार उल्लंघन रोकथामका लागि संवाद, कानूनी तथा गैर-कानूनी हस्तक्षेप र पैरवीमा ध्यान केन्द्रित गर्दछ । यसका प्रमुख लक्षित समूहहरू निम्नानुसार छन् :

- आर्थिक रूपमा विपन्न, जोखिममा परेका, सामाजिक रूपमा बहिष्कृत र सीमान्तकृत समूहहरू (महिला, दलित, अपांगता भएका व्यक्ति, LGBTIQ+, बालबालिका, अल्पसंख्यक र सीमान्तकृतसमूहहरु) ।
- संघीय, प्रादेशिक र स्थानीय तहका सरोकारवालाहरूका कर्तव्य वाहकहरू (सेवा प्रदायक र निर्वाचित प्रतिनिधिहरू)
- मानव अधिकार र सामाजिक न्यायको संरक्षण तथा प्रवर्द्धनका लागि कार्य गर्ने संघसंस्था तथा (बिषय विज्ञ र संघ सस्थाहरु
- नागरिक समाज संगठनहरू (CSOs) र मानव अधिकार सञ्जालहारू (HR Networks) र समुदायमा आधारित संगठनहरू (CBOs)
- राष्ट्रिय मानव अधिकार संस्थाहरू (NHRIs) र सरकारी निकायहरू ।


१.७ कार्यक्षेत्र

यस संस्थाको नेपाल राज्यभरको कार्यक्षेत्र रहेको छ ।

१.८ मूख्य कार्यक्रमहरु

यस संस्थाले आर्थिक वर्ष २०८२/०८३ मा तयार गरेको संस्थागत रणनीति अनुसार ससथाका मूख्य कार्यक्रमहरूमा स्थानीय तहमा सुशासन का लागि जवाफदेहिता प्रवर्द्धन, लैङ्गिक समानता प्रवर्द्धन लगायत लैङ्गिक समानता, लैङ्गिक हिंसा सम्बोधन, आर्थिक तथा सामाजिक अधिकारका विषयमा नीतिगत सहयोग, सुशासन, मानव अधिकारका विविध विषयमा अध्ययन अनुसन्धान, प्रकाशन-प्रसारण, महिला, दलित तथा बालबालिका र सिमान्तृकत समूदायको हित प्रर्वद्धन गर्ने संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यहरू समेत पर्दछन् ।

१.९ संस्थाको संरचना



नागरिक समाज संस्थाहरूसंगको सञ्जालका जुरीको स्थिति

- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको सचिवालयको रुपमा JuRI-Nepal ले सहजिकरण र समन्वय गर्दै आएको छ । यस सञ्जालमा ४ वटा संरक्षक महासङ्घ सहित ३८ वटा नागरिक समाज संस्थाहरू यसको सदस्यको रुपमा सम्बद्ध रहेका छन् । यो सञ्जाल नागरिक संस्थाहरुको खुकुलो सञ्जाल हो ।
- मानव अधिकार तथा सन्धि अनुगमन समन्वय समिति (HRTMCC) - INSEC को नेतृत्वमा रहेको राष्ट्रिय यस समितिमा JuRI-Nepal सक्रिय सदस्यको रूपमा रहेको छ ।

- राष्ट्रिय भूमि अधिकार मञ्च National Land Rights Coaliation - CSRC को नेतृत्वमा रहेको सञ्जालमा JuRI-Nepal सदस्यको रूपमा सम्बद्ध रहेको छ ।
- प्रदेश तथा जिल्ला उपस्थिति: केन्द्रीय कार्यालय ललितपुर रहेको यस संस्थाले नेपालका ७ वटै प्रदेश र १६ भन्दा बढी जिल्लाहरूमा प्रत्यक्ष कार्यक्रम सञ्चालन गरेको छ ।

संस्थाको मानवीय स्रोतको लैंगिक तथा समावेसी विश्लेषण

कार्य समिति– १० जना

महिला: ७ पुरुष : ३

दलित: म. १ पु. १ ब्राह्मण म. ३ पु. २ क्षेत्री म. ३

कर्मचारी १२

महिला ६ पुरुष ६

दलित पु. २ जनजाति म. २ पु. २ ब्राह्मण म. ३ पु. २ क्षेत्री म. १

साधारण सदस्य ५३ जना

महिला २४ पुरुष २९

दलित म. ४ पु. ६ जनजाति म. ९ पु. ५ मधेसी पु २ ब्राह्मण म. ७ पु. ११ क्षेत्री म. ४ पु. ५

२. सामाजिक परीक्षण २०८३

नेपालको संविधानले जनताको मौलिक हकको रूपमा स्थापित गरेको नागरिकको "*आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना पाउने हक*" लाई साकार बनाउन, सार्वजनिक संस्थाका सेवामा आमजनताको पहुँच अभिवृद्धि गर्न सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन लगायत विभिन्न ऐन तथा नियमावली बमोजिम स्थानीय तहका सेवा प्रदायकहरू, नागरिक समाज संस्थाहरूलाई बनाउन तथा सार्वजनिक संस्थाको क्षमता विकास गर्दै जवाफदेहिता वृद्धि गर्न कुनै पनि संस्थाले पहिला आफूबाट शुरु गर्नु पर्ने आवस्यकता महशुस गर्दै यस न्याय तथा अधिकार संस्था नेपालले विगत सात वर्ष यता नियमित रूपमा आफ्नो जवाफदेहिता अभिवृद्धिको सशक्त औजारका रूपमा लिई संस्थाको सामाजिक परीक्षण गर्दै आएको छ ।

यस संस्थाले सामाजिक परीक्षणलाई केवल कार्यक्रमको उपलब्धि तथा आर्थिक विवरण सार्वजनिक गर्ने प्रक्रिया मात्र नभएर संस्थाको लक्ष्य, मूल्य, मान्यता रणनीति परीक्षणको अवसरका रूपमा लिई सरोकारवालाहरूबाट प्राप्त जिज्ञासा तथा सुझावलाई संस्थागत क्षमता विकासको आधारका रूपमा मानी सुधारका योजना बनाउने हेतुले आफ्ना मूल्य, मान्यता हरुको अधिनमा रही संस्थागत सुशासन प्रवर्द्धन

तथा संस्थागत क्षमता अभिवृद्धिका लागि नियमित रूपमा संस्थाको सामाजिक परीक्षण गर्ने, सो परीक्षणबाट प्राप्त संस्थागत सिकाइ एवं सरोकारवालाहरुको सुझाव्झभावहरु समेतलाई समेटी आगामी कार्यक्रमहरु निर्माण गर्ने, कार्यान्वयन गर्ने कार्य गर्दै आइरहेको छ । यसै सन्दर्भमा यस आर्थिक वर्ष २०८२/२०८३ को पनि मिति २०८३ भाद्र १५ देखि आश्विन २१ गते सम्म संस्थागत सामाजिक परीक्षण गरी यो अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

२.१ उद्देश्यहरु :

यो सामाजिक परीक्षणका निम्नलिखित उद्देश्यहरु छन् :

२.१.१ संस्थाको आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम, प्रगति, आर्थिक व्यवस्थापन र सिकाइ सरोकारवालाहरु वीच प्रकाश पार्ने,

२.१.२. संस्थाको कार्यक्रममा सरोकारवालाको सहभागिता, कार्यक्रमको पारदर्शिता, कार्यक्रमको परिणाम प्रति सरोकारवालाको दृष्टिकोण, सुझाव, गुनासाहरु संकलन गर्ने,

२.१.३. कार्यक्रमलाई अझ वढि पारदर्शी, सहभागितामूलक बनाउदै सरोकारवालाको सक्रिय संलग्नता बढाउन सुझाव संकलन गर्ने र सोही अनुसार गर्न संस्थाद्वारा सार्वजनिक प्रतिवद्धता जनाउने ।

२.२. सामाजिक परीक्षणका प्रयोग गरिएका विधि तथा तरिकाहरु

२.२.१ अभिलेख अध्ययन

यसमा संस्थाको परिमार्जित रणनीतिक कार्ययोजना र संस्थाले कार्यान्वयन गरेका विभिन्न परियोजनाका वार्षिक योजना तथा प्रतिवेदनहरू, यस वर्ष (२०८२/२०८३) गरिएका समीक्षा वैठक आदिका प्रतिवेदनहरू अध्ययन गरी आवश्यक सूचना लिइएको थियो ।

२.२.२ सरोकारवालाको दृष्टिकोण तथा सन्तुष्टि अध्ययन

यस कार्यका लागि संस्थाले सञ्चालन गरेको परियोजना अर्न्तगत परियोजना संचालन भएका विभिन्न जिल्ला समेटी स्थानीय तहका ६ जना सहभागीहरूसंग भर्चुवल छलफल, जिल्लाका पैरवी समूहका २ जना सदस्यहरूसंग टेलिफोन वार्ता, अन्य ५ जना सरोकारवालाहरुसंग व्यक्तिगत अन्तरवार्ता लिइएको थियो ।

२.३. संस्थाका नेतृत्व वर्ग, व्यस्थापन र परियोजनाका कर्मचारीसंग अन्तरक्रिया :

यस कार्यका लागि संस्थामा व्यवस्थापन तथा परियोजनाका लाई तोकिएका मूख्य सदस्य तथा कर्मचारीसंग संस्थाको कार्यालयमा अन्तरक्रिया गरिएको थियो ।

२.४ प्रारम्भिक तथा अन्तिम प्रतिवेदन तयारी :

अभिलेख अध्ययन र अन्य विधिबाट प्राप्त जानकारीहरुको विश्लेषण गरी प्रारम्भिक प्रतिवेदन तयारी गरिएको थियो । प्रारम्भिक प्रतिवेदन मिति २०८३ आश्वीन २१ गते आयोजित सामाजिक परीक्षण कार्यक्रममा सरोकारवाला निकायका प्रतिनिधि, नागरिक संस्थाका प्रतिनिधि र संस्थाका सदस्यहरू वीच प्रस्तुत गरी छलफलबाट आएका सुझाव सहित समेटेर सामाजिक परीक्षण २०८२/२०८३ को यो प्रतिवेदन तयार गरिएको छ ।

२.५. अध्ययनका सीमा तथा चुनौतिहरु:

यो अध्ययन संस्थाबाट उपलब्ध भएका कागजात, सिमित (सरोकारवाला, लक्षित समूह तथा लाभान्वीत समूहका जम्मा १३ जना र संस्थाका नेतृत्व तथा कर्मचारी ५ जना) संग गरिएको छलफल र सामाजिक परिक्षण कार्यक्रममा प्राप्त भएका सुझावको आधारमा तयार गरिएको हो। तसर्थ यसले सबै अधिकारवाला तथा लाभान्वीत समूह तथा सरोकारवालाको दृष्टिकोण नसमेट्न पनि सक्छ।

छानिएका सबै सरोकारवालासंग अन्तरवार्ता लिन नसकिएको र विद्युतीय माध्यमको भर पर्नु पर्दा पनि छलफल सिघ्र सक्नु पर्ने, कतिपय सवालमा प्रष्ट हुन नसकिने जस्ता चुनौतिहरु पनि आएका छन्। यसले कतिपय सवाललाई गहिरो गरी छलफल गरी निचोडमा पुग्न सकिएन। यी सिमितताका वावजुद संस्थाका कर्मचारीहरुको समन्वयात्मक भूमिका र सरोकारवालाहरुको सहयोगात्मक व्यवहारले समयमै अध्ययन कार्य सकिएको थियो।

३. अध्ययनबाट पाईएका जानकारीहरु

३.१. अभिलेख अध्ययनबाट प्राप्त जानकारीहरु

यस शिर्षक अन्तरगत संस्थाको रणनीति योजना अनुसारका विषयगत क्षेत्रका लागि यस वर्षको योजनामा उल्लेखित क्रियाकलापहरुका आधारमा पाइएका उपलब्धिहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

३.१.१. संस्थाद्वारा सञ्चालित आयोजनान्हरु, विकास साझेदार निकाय र कार्यक्षेत्र

आयोजनाको नाम	दातृ निकाय / साझेदार	साझेदारी अवधि	कार्यक्षेत्र (Coverage)
1. Right to Food Act Implementation	Purak Asia	1 Apr 2025 – 31 Dec 2025	लुम्बिनी (सरुमारानी-प्युठान, शुद्धोधन-कपिलवस्तु) र सङ्घीय तह
2. Pathways from Trauma to Empowerment	UN Women / FEDO	15 Mar 2022 – 30 Apr 2026	सुदूरपश्चिम (डोटी, कैलाली) र कर्णाली (सुर्खेतका ४ पालिका)
3. GBV Prevention & CSE Project	UNFPA Nepal	17 Jul 2025 – 31 Jul 2026	सङ्घ र ३ प्रदेशका १८ पालिका (कोशी-९, सुदूरपश्चिम-९, मधेश)
4. Youth Discourse on Constitution	International IDEA	1 Jun 2026 – 30 Apr 2027	बागमती (काठमाडौँ/ललितपुर), लुम्बिनी र मधेश प्रदेश
5. Promoting Legal Awareness	DKA Austria	16 Sep 2025 – 15 Jul 2026	जुम्ला, कञ्चनपुर र कैलाली (कैलारी गाउँपालिका)
6. Intergovernmental Dispute & Judicial Committee	The Asia Foundation / Judges Society	21 Apr 2025 – 31 Dec 2026	सङ्घीय तह (मधेश, लुम्बिनी र बागमती प्रदेशमा गतिविधि)

३.१.२.परियोजनाहरूमा समेटिएका कुल सहभागी संख्या र समूहगत विवरण (आ.व. २०८२/८३)

क) कुल लाभान्वित सहभागी संख्या : ८,४११ जना
ख) लैङ्गिकताका आधारमा सहभागिता

- महिला (Women): ६,०९४ जना (७२.५%)
- पुरुष (Men): २,३११ जना (२७.४%)
- अन्य (Others/LGBTIQ±): ६ जना
- अपाङ्गता भएका व्यक्तिहरू (PWDs): ९३ जना

ग) जातिगत तथा समुदायगत आधारमा विवरण

- दलित (Dalit): ३,६९१ जना (४३.९%) (मुख्य प्राथमिकता)
- ब्राह्मण, क्षेत्री, ठकुरी/सन्यासी: ३,२४६ जना (३८.६%)
- आदिवासी, जनजाति (Janajati): १,३५१ जना (१६.१%)
- मधेशी (Madhesi): ७९ जना
- मुस्लिम (Muslim): १४ जना
- अन्य (Others): १५ जना

३.१.३ संस्थागत विकास अर्न्तगत सञ्चालित क्रियाकलापहरू

क) सार्वजनिक सरोकारको मुद्दामार्फत मानव अधिकारको प्रत्याभूति, कानूनको शासन र न्यायमा पहुँचका लागि संस्थागत भूमिका र योगदान:

अ) खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको हकसम्वन्धी ऐनको नियमावली लागु नभएको विषयमा सर्वोच्च अदालतबाट सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी भएको

आ) अन्तरराष्ट्रिय सन्धी संझौताको कार्यान्वयनको सन्दर्भमा सरकारको दायित्व एवं जवाफदेहीता सम्वन्धी रिट निवेदनको अन्तिम सुनुवाई सम्पन्न भई त्यसमा सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी भएको । (यस रिट निवेदनको फैसला लेखनको प्रक्रियामा रहेकोले पूर्ण पाठ प्राप्त भएको छैन । हाल सर्वोच्च अदालतमा २ वटा रिट निवेदनहरु विचाराधिन अवस्थामा रहेका छन् ।)

ख) प्रमुख राजनैतिक दलको ध्यानाकर्षण: प्रतिनिधि सभा निर्वाचनमा दलको चुनावी घोषणापत्रमा समावेश गरिनुपर्ने केही महत्वपूर्ण सवालमा प्रमुख राजनैतिक दलका प्रतिनिधिहरुलाई लैंगिक समानता र सामाजिक न्याय, मानव अधिकार र सुशासन लगायतका विषयमा सार्वजनिक अपिल जारी गरिएको

ग) नर्सिङ सेवाको सम्मान गर्ने ऐक्यवद्धताका लागि प्रेस विज्ञप्ति जारी: नर्सिङ पेशालाई व्यवस्थित र मर्यादित बनाइनुपर्ने, निजी अस्पताल तथा शिक्षण संस्थामा कार्यरत नर्सहरूको न्यूनतम पारिश्रमिक र सुविधा नेपाल सरकार सरह सुनिश्चित गरिनुपर्ने मागमा ऐक्यवद्धता प्रकट गर्दै विज्ञप्ति सार्वजनिक गरिएको ।

घ) बलात्कारको घट्नाको निन्दा र कारवाहीको माग: सुर्खेतमा किशोरीको बलात्कारपछि हत्या भएको घट्नाप्रति प्रति गम्भीर आपत्ति र निन्दा गर्दै २९ फागुन, २०८२ मा विज्ञप्ति जारी गरिएको

ङ) मानव अधिकारको उल्लंघनका घट्नाको स्थलगत अवलोकन तथा अभियानमा सहकार्य : सामाजिक न्यायको पक्षमा वकालत गर्न एम्नेष्टि इन्टरनेशनल नेपाल, सि.एस.आर.सी, एडभोकसी फोरम,

इन्सेक लगायतका नागरिक संघ संस्थाहरुसँग संयुक्त फिल्ड अवलोकनमा सहभागी हुनुका साथै संयुक्त विरोधपत्र तथा अवधारणापत्रहरु समेत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइएको ।

च) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल अर्न्तगतका वकालत तथा अभियान:

अ) मानव अधिकारको सिद्धान्त बिपरित, गैरकानूनी तथा अमानवीयरुपमा भुमीहिन तथा सुकुम्बासी बस्तीबाट जबरजस्ती निष्काशन गर्ने कार्यप्रति गम्भिर ध्यानाकर्षण गर्दै २१ वटा सञ्जाल सदस्यका तर्फबाट बिज्ञप्ति जारी गरिएको

आ) सुनसरीको देवानगञ्ज-३ बाट शुरु भएको घट्नालाई सम्बोधन गर्न माग गर्दै शान्ति, सुरक्षा, आपसी सहिष्णुता तथा मेलमिलाप कायम गर्न २१ वटा संस्थाको तर्फबाट हार्दिक अपिल तथा ध्यानाकर्षण पत्र जारी गरिएको ।

३.१.४. संस्थाले सञ्चालन गरेका परियोजना र उपलब्धीहरू

क. परियोजनाको नाम: Advancing the Implementation of the Right to Food and Food Sovereignty Act in Nepal

उपलब्धिहरू :

- खाद्य अधिकार तथा खाद्य सम्प्रभुत्तासम्बन्धी ऐन, २०७५ तथा नियमावली २०८० को कार्यान्वयन सहयोग तथा स्थानीय कार्यविधि निर्माणमा सहयोग ।
- वकालत र पैरवीका लागि अभियानमुखी श्रोत सामाग्रीहरुको तर्जुमा भएको ।
- खाद्य अधिकारसम्बन्धी नीतिपत्र तयारी भई सरोकारवालाहरूलाई वितरण गरिएको ।
- खाद्य अधिकार र खाद्य संप्रभुता तथ्यपत्र तयार गरी सरोकारवालाई वितरण गरिएको ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमन निर्देशिकाको परिमार्जन प्रति तयार गरिएको ।

ख. परियोजनाको नाम: Pathways from Trauma to Empowerment – Fostering Social Norms Change Through Storytelling and Collective Mobilization (UN Women)

उपलब्धिहरू :

- महिला नेतृत्व (६४%), दलित नेतृत्व (६९%) र अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व (५९%) को स्वीकार्यतामा वृद्धि भएको देखाएको छ; साथै, आर्थिक गतिविधिमा संलग्न पात्रका रूपमा महिलाहरूको पहिचानमा २९% र घरायसी निर्णय प्रक्रियामा महिलाहरूको सहभागितामा ४३% ले वृद्धि भएको ।
- स्व-सहायता समूहहरू (SHGs)मा सामूहिक नेतृत्व र स्वामित्वको भावनाको विकास भएको ।
- सात वटा महिला पैरवी समुहले स्थानिय सरकारबाट रू. १३ लाख ७६ हजार रुपैयाँ बराबरको बजेट तथा कार्यक्रम ल्याउन सफल ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणका प्रयासहरूमा स्थानीय स्वामित्व बढेको ।

- डोटी जिल्लामा ४८ बालविवाह रोकथाम, र ७८ वटा छाउपडी गोठहरू भत्काईएका, विभेदकारी अर्थ लाग्ने तीनवटा गाउँका नामहरू परिवर्तन गरी मर्यादित र समावेशी नामहरू राखिएका ।
- लैङ्गिक हिंसा (न्यिङ) र उपलब्ध सेवाहरूबारे जानकारीसहित ४० वटा 'रेफरल' गाउँ-क्लिनिकहरूमा २७४ जना लैङ्गिक हिंसा पीडित महिलाहरूले सहयोग तथा 'रेफरल' संयन्त्रहरू बाट सेवा लिन सफल ।
- १० स्थानीय तहमा 'रेफरल' समितिहरूको गठन तथा परिचालन ।
- तीनवटा नगरपालिकामा "लैङ्गिक हिंसा रोकथाम कोष" को स्थापना, एक नगरपालिकामा "दलित सशक्तीकरण ऐन २०८१" को अनुमोदन, एक नगरपालिकामा "बालमैत्री सुशासन नीति तथा निर्देशिका २०८२" र "बालविवाहमुक्त अभियान सञ्चालन निर्देशिका २०८२" को व्यवस्था, दुईवटा नगरपालिकामा पाँच-वर्षीय "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) एकीकृत कार्यान्वयन योजना" को अनुमोदन ।

ग. परियोजनाको नामः Gender Based Violence Prevention and Response, Empowered Women Prosperous Nepal and Comprehensive Sexuality Education Project (UNFPA)

उपलब्धिहरू :

- गत आर्थिक बर्षमा १७ वटा पालिका (कोशी प्रदेशका ९ र सुदुरपश्चिम प्रदेशका ८ वटा पालिकालाई) लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको विस्तृत कार्ययोजना तर्जुमाका लागि प्राविधिक सहयोग उपलब्ध गराई सहजिकरण गरिएकोमा हालसम्म १३ वटा पालिका (कोशी प्रदेशका विराटनगर महानगरपालिका, चौदण्डीगढी, बेलका, कटारी र सिद्दिचरण न.पा, मानेभन्ज्याङ, चिशंखुगढी र मोलुङ गा.पा. र सुदुरपश्चिमका मंगलसेन, साँफेबगर, कमलबजार, दशरथचन्द र बुढीगंगा न.पा) ले उक्त कार्ययोजना स्विकृत गरी कार्यान्वयनको चरणमा रहेका छन् ।
- गत आर्थिक बर्षमा एकद्वार संकट व्यवस्थापन केन्द्र र सुरक्षित आवास गृहमा गुनासो सुनुवाई संयन्त्र स्थापनाका लागि नमूना निर्देशिकाका बारेमा जिल्ला तहमा परामर्श गरी प्राविधिक सहयोग उपलब्ध गराएकोमा **ओखलढुंगा, अछाम र बाजुराका जिल्ला समन्वय समितिले** उक्त निर्देशिकालाई यस बर्ष कार्यान्वयनको निर्णय गरेका छन् भने **ओखलढुंगा, विराटनगर, उदयपुर र कञ्चनपुरले समेत ती निर्देशिका पारित गरेका छन्** ।
- लैङ्गिक हिंसा निवारण कोषको कार्यान्वयनका सम्बन्धमा नीति समिक्षा गर्नुका साथै १६ वटा पालिकालाई लैङ्गिक हिंसा निवारण कोषको परिचालनका लागि नमूना ऐन तथा नियमावली तर्जुमाका लागि छलफल र नमूना प्रति उपलब्ध गराइएकोमा पाटन नगरपालिकाले उक्त ऐन तथा नियमावलीलाई कार्यपालिका बैठकबाट पारित गरी कार्यान्वयन गर्ने निर्णय गरेको छ भने अन्य पालिकाले ऐन तर्जुमाको प्रक्रिया अघि बढाएका छन् ।
- मधेश प्रदेशका लागि युवा नीति तर्जुमाका लागि प्राविधिक सहयोग उपलब्ध गराइएकोमा मधेश प्रदेश सरकारले उक्त नीतिउपर आन्तरिक छलफल अघि बढाएको छ ।

- लैङ्गिकमैत्री बजेटको कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन कार्य सम्पन्न गरिएको छ । सो अर्न्तगत लक्षित पालिकामा विनियोजित बजेट र सोको कार्यान्वयनका आधारमा अध्ययन तथा समीक्षा गरि सुझावहरु पहिचान गरिएको छ ।
- प्रविधिजन्य लैङ्गिक हिंसा र प्रविधिजन्य बाल विवाह सम्वन्धी नीति समीक्षा गर्नुका साथै सोको लागि नीति वकालतपत्र मस्यौदा गरिएको छ ।
- न्यायमा पहुँच, कानूनको शासन र हानिकारक अभ्याससम्वन्धी सोधपूर्ण कार्यमार्फत नेशनल ल कलेजका कानूनका विद्यार्थीद्वारा लिखित २० वटा लेखहरुको संगालो यसै बर्ष प्रकाशन गरी वितरण गरिएको छ ।
- न्यायमा पहुँचको अभिवृद्धिका लागि न्यायिक समितिको भूमिका विषयमा कोशी र सुदुरपश्चिम प्रदेशमा प्रदेश तहको अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्नुका साथै सोको सुझावका आधारमा न्यायिक समितिका सदस्यका लागि तालिम सामाग्री समेत तयार गरिएको छ ।
- लैङ्गिकमैत्री बजेट सम्बन्धी श्रोत पुस्तिकाको सात वटा जिल्लामा अनुशिक्षण र अभिमुखीकरण भएको छ

घ. परियोजनाको नामः CON-COURSE: A Youth Centric Discourse in Nepali Constitution (नेपालको संविधानमा युवा केन्द्रित बहस)

उपलब्धिहरू :

- परियोजनाको कार्ययोजना तयार गरिएको ।
- दातृ निकायले प्रदान गर्ने संविधानको विभिन्न १४ वटा विषयहरूमध्येका ३ वटा विषयमा काठमाडौमा युवा केन्द्रित बहसको तयारी ।

ङ. परियोजनाको नामः Promoting Legal Awareness through Capacitating Community Leaders (कानूनी सचेतना प्रवर्द्धन परियोजना)

उपलब्धिहरू :

- मानव अधिकार तथा कानूनी सचेतीकरण सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिम (२ वटा जुम्ला र कञ्चनपुर) जसमा ४० जना स्थानीय महिला नेतृहरू (दलितः ३, जनजातिः १ र अन्यः ३६ जना) प्रशिक्षित भई महिलाको मानव अधिकारका लागि प्रभावकारी पैरवीकर्ता बन्न सक्षम तयार भएको ।
- कानूनी सचेतीकरण सम्बन्धि पुर्नताजगी तालिम (१ वटा कैलारी गा.पा) बाट विभिन्न क्षेत्रमा कार्यरत जम्मा १९ जना महिला (जनजातिः १७ र अन्यः २ जना) सामुदायिक अगुवाहरूको सचेतना अभिवृद्धि भई आवश्यक सेवाका लागि सिफारिस (referral), सामुदायिक परिचालन तथा पैरवी जस्ता पहलहरूमार्फत स्थानीय स्तरमा महिला तथा किशोरीहरूलाई सक्रिय रूपमा सहयोग गर्दै आएका छन् ।

च. परियोजनाको नामः "तुलनात्मक अध्ययन मार्फत संवैधानिक अन्तरसरकार विवाद समाधानका संयन्त्रको सुदृढीकरण र न्यायिक समितिको निर्णयहरू सम्बन्धमा जिल्ला अदालतको सुपरिवेक्षण कार्यको सुदृढीकरण"

उपलब्धिहरू :

- स्थानीय तहको न्यायिक कामकारबाहीको निरीक्षणलाई व्यवस्थित गर्न बनेको निर्देशिका, २०८३ सर्वोच्च अदालतको पूर्ण बैठकबाट स्वीकृत भएको ।
- सर्वोच्च अदालतको पूर्ण बैठकबाट स्वीकृत स्थानीय तहको न्यायिक काम कारबाहीको निरीक्षणलाई व्यवस्थित गर्न बनेको निर्देशिका, २०८३ प्रकाशित भएको ।
- संघीयताको संवैधानिक अभ्यासः केही पेचिला आयामहरूको समीक्षा" विषयक अनुसन्धान प्रतिवेदनको संगालो तयार ।
- सर्वोच्च अदालत तथा उच्च अदालतबाट नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह पक्ष भएका मुद्दाहरूको फैसलाको संगालोको मस्यौदा अन्तिम चरणमा रहेको


३.२. संस्थाको वार्षिक बजेट तथा खर्च विवरण

विवरण	लक्ष्य रू.		प्रगति रू.		खर्च अनुपात	
	कार्यक्रम	प्रशासनिक	कार्यक्रम	प्रशासनिक	कार्यक्रम	प्रशासनिक
परियोजनागत:						
१. आघातपछिको सशक्तिकरण/यू.एन.वमन	१,१७,०९,९२७/-	१०,१८,२५५/-	१,१६,१४,२५६/-	९,२९,१४०/-	९९.५%	९९.०%
२. महिला मानव अधिकार सचेतिकरण/डि.के.ए. अष्ट्रिया	१६,५६,९११/-	१,१४,०००/-	१३,८३,४६१/-	१,०९,६४८/-	८४.० %	९६.०%
३. ....अन्तरसरकारी संवैधानिक विवाद समाधान संयन्त्रहरु सुदृढिकरण/द एसिया फाउन्डेसन	१,१७,३२,७६४/-	११,५९,१९७/-	७२,८९,३०७/-	७,३५,९७२/-	६२.० %	६३.० %
४. खाद्य अधिकार/पुरक एसिया	१५,७४,०६३/-	६१,६६७/-	१२,८८,५९०/-	६१,८०३/-	८३.५ %	१००.० %
५. लैङ्गिकजन्य हिंसा रोकथाम तथा सम्बोधन तथा . सुरक्षित बालिका परियोजना/यू.एन.एफ.पि.ए.	२,८२,६१,५४९/-	१९,७८,३०८/-	२,६०,६८,३०८/-	१८,२४,७८१/-	९२.५%	९२.५%
६. नेपालको संविधानमा युवा केन्द्रित बहस/ईन्टरनेशनल आईडिया	१,४५,०००/-	०.००/-	८९,५२४/-	०.००/-	६२.५ %	०५.० %
जम्मा	५,५०,८०,२१४/-	४३,३१,४२७/-	४,७७,३३,४४६/-	३६,६१,३४४/-	८६.५ %	८४.५ %
७. संस्थागत तर्फको खर्च:	७५,०००/-	२०,२५,०००/-	२४,९५२/-	१९,५४,६९६/-	३३.० %	९७.५%
कुल जम्मा	**५,५१,५५,२१४/-**	**६३,५६,४२७/-**	**४,७७,५८,३९८/**	**५६,१६,०४०/-**	**८७.५ %**	**८८.५ %**

स्रोतः लेखा परीक्षण प्रतिवेदन २०८२/०८३

३.३. लाभान्वित समूह तथा सरोकारवालाहरुसंगको छलफलबाट पाईएका जानकारीहरू

लाभान्वित समूह तथा सरोकारवालाहरुसंग खास गरेर संस्थाको काम गराईमा देखिने पारदर्शिता, परियोजनाका विभिन्न चरणमा सरोकारवालाहरुको सहभागिता, परियोजनाका उपलब्धिहरूको प्रभावकारिता, गुणस्तरीयता, परियोजनाबाट शुरु गरिएका गतिविधिहरुको निरन्तरता तथा संस्थाको काम गराइमा सरोकारवालाहरुको सन्तुष्टि गरी ६ वटा पक्षमा छलफल गरिएको थियो । भर्चुअल छलफल तथा अन्तरवार्ताका दौरान यी सबै पक्षमा सहभागीहरुले मूल्यांकन गरी आफ्नो मत व्यक्त गर्दै त्यसको कारण समेत बताएका थिए । उनीहरूलाई माथि उल्लेखित पक्षमा केन्द्रित गरी अंक उल्लेख नगरी आफ्नो दृष्टिकोण राख्न अनुरोध गरिएको थियो । सहभागीहरूले व्यक्त गरेको मतलाई यहाँ दिइएको चार्टबाट प्रष्ट पार्न सकिन्छ ।



माथि दिइएको चार्टमा उल्लेख भए अनुसारका प्रतिशतका लागि सहभागीहरुले व्यक्त गरेको मत तथा अन्य सरोकारवालाले समेत व्यक्त गरेको दृष्टिकोणबाट प्राप्त जानकारीलाई तल व्याख्या गरिएको छ ।

क) सहभागिता:

शुरुमा भन्दा क्रमशः भौतिक सहभागिता बढेको थियो र तर सबैले आफ्ना कुरा राख्ने भन्दा पनि उपस्थिति जनाउने बढि हुन्थे । सुरु सुरुमा छलफलमा उठाइएको सवाललाई सम्बन्धित सरोकारवालाले तत्कालै सम्बोधन गर्ने प्रतिबद्धता जनाइएको र सवाल सम्बोधन हुने गरेको थियो र बिस्तारै सवाल समाधानका प्रतिवद्धतालाई अनुगमन गर्ने र समाधान गर्न पहल (Lobby) गर्ने कार्यमा सहभागिता कम हुदै आएको छ। लैंगिक विभेद, छाउपडि तथा भेदभावका कतिपय सवालका छलफलमा भत्ता पाइने अपेक्षामा कतिपय सहभागी आएका तर पछि विस्तारै कुरा प्रष्ट पारेपछि क्रमशः सही सहभागीहरु मात्र आउन थालेका छन् ।

संस्थाले परियोजना निर्माण गर्दा ताका नै हामी सरोकारवालाहरुको सहभागिता गराएको थिएन तर पछि कार्यान्वयनका समयमा विभिन्न भूमिकामा सहभागी गराएको छ ।

"कार्यान्वयनका दौरान सरोकारवालासंगको छलफलमा महशुस गरिएका सवाललाई समीक्षा वैठकमा छलफल गरी Modality Change गरी अर्को वर्षको योजनामा समावेस गर्ने गरिएको थियो ।"

ख) प्रभावकारिता:

जनप्रतिनिधिहरूको भूमिकामा सहयोगी भएर संस्थाका कार्यक्रमहरू गएकाले यसका गतिविधिहरू निकै प्रभावकारी भएका छन् । जनसरोकारका सवालहरू स्थानीय स्तरमा छलफल गर्ने त्यसको सम्बोधन गर्न स्थानीय सरकारमा पहल गर्ने, स्थानीय चासोलाई व्यापक बनाई सम्बन्धित सरोकारवालालाई दबाब

सृजना गर्ने जस्ता कार्य एकदमै प्रभावकारी भएका छन् । न्यायिक समितिको पनि कार्य सम्पादन गर्ने क्षमता बढेको अनुभव भएको छ ।

"पहिले स्थानीय तहका न्यायिक समितिहरू कार्यविधि र क्षमताको अभावमा निरीह जस्तै थिए । JuRI को कार्यक्रमले ती समितिको क्षमता विकास भएको छ, पदाधिकारीले तालिम र निर्देशिका पाएका छन् । हालका वर्षहरूमा न्यायिक समितिका मुद्दा पुनरावेदनमा आउने क्रम घटेको छ ।"

ग) पारदर्शिता:

संस्थाले यस्ता परियोजनामा कुल वजेट कति हो र यसको खर्च संरचना कस्तो रहेको छ भनेर त जानकारी दिएको थिएन तर कुनै पनि क्रियाकलाप गर्नु अगावै त्यसका लागि कति वजेट सीमा छ । खर्च गर्ने र विल भर्पाइको प्रावधान के कस्तो छ भनी कार्यक्रमको सुरुमै जानकारी गराउने गरेको हुनाले यसमा चित्त बुझेको छ । कार्यक्रम के हो र यसले के परिणाम ल्याउन खोजेको हो ? यसमा लाभान्वित समूह को हुन्छन् र सरोकारवालाहरुको भूमिका के भनी सुरुमै जानकारी दिएको थियो ।

घ) सन्तुष्टि:

हामीले स्थानीय तहको तथा नागरिकको दायित्व र अधिकारबारे राम्रो जानकारी पाइयो । स्थानीय नागरिक समाज संस्थाहरुले स्थानीय सवाल खास गरेर लैंगिकतामा आधारित हिंसा, समावेशिता बालविवाह तथा स्वास्थ्य सम्बन्धि स्थानीय सवालहरुमा छलफल गने तरिका तथा प्रक्रियाको सुरुवात भयो । संस्थाबाट आउने कर्मचारीको व्यवहार राम्रो पाइयो । सुरु सुरुमा नियमित र तोकिएको समयमै छलफल हुने र पहिलेका छलफलमा उठेका सवालहरुको अवस्था के भैरहेको छ भन्ने जानकारी दिइने र अन्य छलफल गर्ने गरिन्थ्यो तर पछि खास गरेर गाउँपालिकाका कर्मचारी परिवर्तन हुंदा पहिलाको कुरासँग जोडेर छलफल हुन पाईएन । अघिल्ला छलफलमा उठेका सवालहरुको स्थिति पनि समीक्षा गर्न पाईएन । तर पनि छलफल भने निरन्तर गरि आइएको छ । खास गरेर लैगिक उत्तरदायी बजेट बनाउने निर्देशिकाले हामीलाई बजेट तर्जुमा र कार्यान्वयन गर्न सजिलो बनाएदिएको छ ।

''हामी आफैले गर्नु पर्ने कामलाई परियोजनाले झन प्रभावकारी रुपमा स्थानीय सवाललाई राष्ट्रिय तह सम्म लगेर सरोकारवाला निकायलाई उक्त सवाल सम्बोधन गर्न लगाउने कुरामा हामी स्थानीय नागरिक समाज संस्थाको क्षमता विकासमा सहयोग गरेको हुनाले यो संस्थालाई हामी धन्यवाद दिन चाहन्छौ ।''

ङ) निरन्तरता:

संस्थाले त सवाल उठाउन र छलफल गर्न मात्र सहयोग गरेको हो बाँकि कार्य हामी आफैले गर्ने गरेको हुनाले हामी यसलाई निरन्तरता दिने छौं । यो कार्यले हालसम्म प्रभावकारी काम नै गरेकाले यसलाई हामी निरन्तरता दिने छौं । हामीले उठाएका सवाललाई हाल सम्म त संस्थाले सञ्चार मार्फत व्यापकता दिन तथा माथिल्ला तहमा (पालिका तथा जिल्ला तहमा) समेत छलफल गराई सम्बोधन गर्न लगाउने गरेको मा सबै तहका मञ्च र सरोकारवाला त्यतिकै समेटिन सक्छन् भन्न सकिन्न तथापी यी मञ्चहरुलाई हामी आफ्नै पहलमा निरन्तरता दिने छौं । JuRI ले UNFPA सँगको सहकार्यमा हाम्रो गाउँपालिकामा लैङ्गिक उत्तरदायी बजेट निर्माणको तरिका सिकाएकाले हामीले गत वर्ष ९५% बजेट सामाजिक क्षेत्रमा विनियोजन गर्न सक्यौं। प्रत्येक वडामा महिला नेतृत्वमा उपभोक्ता समिति बनेर बजेट कार्यान्वयन भईरहेको छ । छिमेकी पालिकाहरूले समेत यसको अनुसरण गरिरहेका छन् ।

च) गुणस्तरीयता:

संस्थाले स्थानीय क्षेत्रमा सानो रकम खर्च गरेर पनि स्थानीय नागरिकको सरोकारका विषयमा लैंगिक हिंसा, न्यायिक समितिका काम कर्तव्य, न्यायिक प्रक्रिया जस्ता कुरा तथा लैंगिक मैत्री बजेट जस्ता सवालमा स्थानीय तथा जिल्लाका सरोकारवालाहरूलाई आ-आफ्नो दायित्व बोध हुने गरी एउटै मञ्चमा छलफल मात्र गराउन पहल गरेन ती सवाल सम्बोधन गर्ने निकायलाई पनि प्रतिवद्ध बनाउने काम गरेको छ ।

"काम गर्ने दौरान परियोजनाका कर्मचारीहरुको व्यवहार, जानकारीहरुको आदानप्रदान गर्ने तरिका, सञ्चार माध्यमको प्रयोग जस्ता कुराले गुणस्तरीयता राम्रो भएको देखाउछन् । तर स्थानीय तहका कर्मचारीहरु परिवर्तन भैरहँदा पहिलेका कर्मचारीले गरेका कुराहरु नयाँ आउनेलाई थाह नहुने र कतिपय कुराहरु दोहोरिने जस्ता कुराले अप्ठेरो परेको थियो ।"

"स्थानीय तहमा सस्थागत तथा स्थानीय तहबाट प्रदान गरिने सेवाका विषयमा उठेका गुनासाहरु स्थानीय तहमै सेवा प्रदायक तथा गुनासो राख्ने व्यक्ति तथा समूह बीच छलफल चलाएर सम्बोधन गरिने पदति अपनाइएकाले संस्थागत तहमा केही गुनासाहरु आएनन् ।"

४. कार्यक्रम सञ्चालनका दौरान यस वर्ष आएका चुनौतिहरु

- गत वर्ष भाद्रमा भएको जेन्जी आन्दोलन ताका अदालतका संरचना भत्केका तथा अभिलेख जलेर नष्ट भई अध्ययन कार्य केही महिना अन्योलमा रहेकाले अदालतका तथ्याङ्कहरू वेवसाइटबाट प्राप्त गर्न समय लागेको र अध्ययन कार्यमा चुनौती आएको ।
- आन्दोलन, निर्वाचन तथा प्राकृतिक प्रकोप जस्ता कुराले स्थलगत कार्यमा वाधा पुगेको (एकजना स्थलगत कर्मचारीलाई तत्काल उद्धार समेत गर्नुपरेको) ले कतिपय कार्यक्रमहरू तोकिएको अवधी र मितिमा गर्न नसकिएको ।
- कार्यक्रम तालिका पटक-पटक मिति परिवर्तन गर्नुपर्दा सहभागीको समय मिलाउन तथा अन्तिम समयमा क्रियाकलापहरू बढि क्रियाकलाप गर्नु पर्दा आर्थिक हिसाव मिलाउन समेत चुनौति थपिएको ।
- खास गरेर स्थानीय तहमा कर्मचारीहरू छिटो छिटो सरुवा भैरहने हुँदा नयाँ आउने कर्मचारीलाई कार्यक्रमका विषयमा प्रष्टता नहुँदा कतिपय क्रियाकलाप गर्नमा अलमल हुने चुनौति आउने गरेको ।

५. संस्थाले सुधार गर्नुपर्ने कुराहरु

अध्ययनका दौरान छलफलका सहभागी तथा अन्य सरोकारवालाहरुले निम्नलिखित सुझावहरु व्यक्त गरेका छन् :

- स्थानीय पैरवी समूहका छलफललाई निरन्तरता दिई हालसम्मको प्रगति र सिकाइको अभिलेखन, समीक्षा र स्पष्ट भावी खाका बनाइनुपर्ने छ ।
- महिला अधिकार, शान्ति र लैङ्गिक हिंसाविरुद्ध काम गर्ने संस्थाको साख (Credibility) लाई स्थानीय क्षेत्रका उपलब्धिसँगै अझ सुदृढ बनाउनुपर्ने छ ।

- हिंसा पीडित महिलालाई काम गर्दा तत्काल मानवीय सहयोगको खाँचो पर्ने देखिएकाले संस्थामा मानवीय सहयोग कोषको स्थापना र सञ्चालन गरिनुपर्ने छ ।
- संस्थाको उद्देश्य अनुसार हरेक गतिविधिलाई पछाडि पारिएका वर्ग र समुदायमा पुर्याउन लक्षित समुदाय सम्म पुर्याउन थप जोड गर्नुपर्ने छ । संस्थाको कामलाई दिगो बनाउन अन्य नेतृत्व विकास र संस्थागत पाटोमा अझै धेरै ध्यान दिनु पर्ने छ ।
- संस्थाले आफ्नो रणनीतिक योजना तथा वार्षिक योजनाहरु समयानुसार समीक्षा र परिमार्जित गरे अनुसारका क्रियाकलापहरुका कार्यान्वयन गर्न स्रोत साँधन जुटाउने योजना तथा कार्यक्रम पनि बनाउनु पर्ने देखिन्छ ।
- संस्थाले नियमित संस्थागत क्षमता को लेखाजोखा गर्दै आवश्यक नीति तथा कार्यविधि तयार गर्ने, मानवीय स्रोतको क्षमता विकास गर्ने कार्यमा तदारुकता देखाए जस्तै गरी संस्थाको आर्थिक स्रोत वृद्धिको पनि ठोस योजना (Alternative Financing Strategy) हुनु पर्ने ।
- वार्षिक तथा आवधिक योजनाहरु तर्जुमा गर्दा परिमाणमा आधारित र स्पष्ट सूचक सहितका योजना तर्जुमा, सोही अनुसारका अनुगमन मूल्यांकनका योजनाहरु बनाइ कार्यान्वयन गरिनु पर्ने
- संस्थाले नियमित सामाजिक परीक्षण गर्ने गरेकामा यसका लागि संस्थाको सामाजिक परीक्षण निर्देशिका समेत वनाइ सोही अनुसार परीक्षण गराइने व्यवस्था गर्नु पर्ने ।

६. सामाजिक परीक्षणका दिन सहभागीहरुले व्यक्त गरेका कुराहरु:

क) जुरी-नेपालले आफ्नो संस्थागत सामाजिक लेखा परीक्षण कार्यक्रममा बोलाएकोमा धन्यवाद । सबैकुरा समेटिएको प्रस्तुतीले संस्थाका गतिविधी, उपलव्धी बुझ्न सजिलो भयो । जुरी नेपाल र राष्ट्रिय समावेसी आयोगले गर्ने कामहरू प्राय: मिल्दाजुल्दा रहेछन् । आयोगले संघ, प्रदेश तथा स्थानीय सरकारका विभिन्न योजना तथा कार्यक्रममा समावेसिता बढाउन वर्षमा विभिन्न काम गर्ने योजना बनाएको छ । आयोग जुरी नेपालसंग मिलेर काम गर्न तत्पर छ । जुरी नेपालको अनुभव र विज्ञता र देशभरी भएका सञ्जाल र समन्वयले समावेसी आयोगका काममा पनि प्रभावकारीता आउने देखिन्छ ।

- माननीय श्री हरिदत्त जोशी, प्रमूख अतिथि तथा राष्ट्रिय समावेशी आयोगका प्रमूख आयुक्त

ख) सामाजिक लेखा परीक्षणको प्रस्तुति सरल, शिलशिलावद्ध भएकाले धेरै कुरा बुझ्न सहज भयो । मानव अधिकार उपभोग गर्न तथा प्रत्याभुति गर्न कानुनको नै पहिलो भूमिका हुने रहेछ । यस संस्थाले दलित तथा वञ्चितमा परेका समूहका आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार प्रवर्द्धन हुने नीति, नियम, कानुन बनाउन तथा कार्यान्वयनका लागि सरकारलाई सहयोग तथा दबाब दिने काम निकै व्यवहारिक लाग्यो । प्रस्तुतिमा फोटो सहित दृष्यात्मक पनि बनाएको भए अझ राम्रो हुने थियो ।

- सरिता लामा, CSRC प्रतिनिधी

ग) जुरीका रणनीतिक खम्बाहरू प्रष्टसंग बुझ्न पाएँ । ती रणनीतिक क्षेत्रहरू फेडोको संस्थागत रणनीतिसंग पनि मिल्ने रहेछन् । आगामी दिनमा पनि रणनीतिले लिएका उद्देश्य पूरा गर्न फेडो पनि जुरीसंस्थागर्न विगत जस्तै हातेमालो गर्न तयार छ ।

- सुरेशकुमार विश्वकर्मा, FEDO प्रतिनिधी

घ) म कानुनको विद्यार्थी, मलाई जुरी-नेपालले कानुनसंग सम्बन्धी अध्ययनमा सहभागी गराई धेरै कुरा बुझ्ने अवसर दियो । आज म जुरीको नयाँ सदस्यको हैसियतमा सहभागी हुने मौका पनि पाएकी

छु । आजको प्रस्तुतिले मैले संस्थाका गतिविधी तथा अन्य धेरै कुराको विश्लेषणात्मक विवरणहरु थाहा पाउनसकें । अझ यसमा लाभान्वित समूहमा महिलाहरूको मात्र दृष्टिकोण नभएर पुरुषको पनि दृष्टिकोण समेटीएको भए राम्रो हुने थियो ।

- अधिवक्ता स्मृतालक्ष्मी शाक्य, जुरी नेपालको नयाँ साधारण सदस्य

ङ) आजको प्रस्तुतिले जुरी नेपालको गत एक वर्षका विभिन्न गतिविधी, उपलब्धी, अनुभव र चुनौती समेत बुझ्न पाइयो । हामीले जुरी नेपाललाई साझेदार बनाएर निकै राम्रो गरेछौं जस्तो लाग्यो । यसमा खुशी लागेको छ । आगामी दिनमा पनि युवा सहभागिता प्रवर्द्धन गर्ने कुरामा हामी जुरी नेपालसंग साझेदार गर्न तयार छौ । यस सवालमा मिलेर काम गरौं । जुरीले यतिका काम त गरेको छ । हरेक कामका उपलब्धी, प्रभाव, चुनौती तथा सिकाइ समेटेर Knowledge Product कसरि तयार गर्ने र बृहत रूपमा प्रकाशन गर्ने भन्ने विषयमा पनि सोच्ने समय आएको जस्तो लाग्यो ।

- रूपा शिलवाल, परियोजना अधिकृत, इन्टरनेशनल आईडिया

च) जुरीसँग हामीले गत वर्षदेखि नै साझेदारीमा काम गरेका छौं । हाल सम्म यस संस्थाको कार्यसम्पादन राम्रो लागेको छ । आजको प्रस्तुति प्रष्ट र धेरै कुरा समेटिएको छ तथापि यसका संस्थालाई यस वर्ष भएका सिकाइहरू पनि समेटिएको भए प्रभावकारी हुने थियो । चुनौती सामना गर्न संस्थाले के के गर्‍यो भन्ने पनि समेटिएको भए अझ प्रभावकारी हुने थियो ।

- समा डंगोल, द एशिया फाउन्डेसन

छ) यस जुरी नेपालको संस्थागत सामाजिक लेखा परीक्षणमा राष्ट्रिय युवा परिषदलाई पनि सहभागी बन्ने मौका दिएकामा धन्यबाद । सामाजिक लेखा परीक्षणको प्रस्तुति प्रभावकारी भएको पाएँ । संस्थाले यस वर्ष गरेका धेरै कुरा र उपलव्धी तथा चुनौतीहरु प्रष्टसंग बुझ्ने मौका पाएँ । अझ प्रत्येक क्रियाकलापको अन्त्यमा कार्यस्थलमै सामाजिक लेखा परीक्षण गर्ने गरेमा झन प्रभावकारी र पारदर्शी हुने थियो । युवा परिषदले पनि जुरी नेपालले गर्ने गरेका कामसंग मिल्दा जुल्दा काम गर्ने योजना बनाएको छ । कार्यान्वयनका दौरान जुरी नेपालसंग सहकार्य गर्न युवा परिषद सधै तयार रहने छ ।

- विश्वराज रोका मगर, राष्ट्रिय युवा परिषदका प्रतिनिधी ।


ज) कुनै पनि संस्थाका लागि सामाजिक लेखा परीक्षण अति आवश्यक कुरा हो । यसले संस्थाको पारदर्षिता मात्र बढाउने नभएर आफ्ना उपलव्धी, चुनौति तथा सिकाइ आदान प्रदान गर्न मद्दत गर्नछ । जुरी नेपालले समेटेका रणनीतिक क्षेत्रहरू नेपालमा न्यायिक क्षेत्रमा क्षमता विकास गर्न तथा न्यायमा आम मानिसको पहूँच बढाउन अति महत्वर्पूण कुरा हुन । जनताले अधिकार पाएको अनुभुति हुने गरी काम गर्न जुरी जस्ता संस्थाले अझ धेरै भूमिका निभाउन सक्छ । शुभकामना ।

- शेखरप्रसाद पौडेल, विशेष अतिथि, पूर्व न्यायाधिस,
उच्च अदालत तथा प्रतिनिधि, न्यायाधीश समाज नेपाल ।

संस्थाका अध्यक्ष श्री तनुजा बस्नेतबाट सम्बोधन

हामी रामराज्यमा छैनौ । समाजमा तथा राज्यका विविध प्रणालीमा अझै विभिन्न कुरामा भेदभाव विद्यमान छन् । अधिकारबाट बञ्चितको पक्षमा आवाज उठाइरहनु पर्दछ । यसका लागि हामीलाई प्रभावकारी

प्रणाली चाहिएको हो । यस्ता प्रणाली आफ्ना संस्थाभित्र पनि चुस्त र प्रभावकारी हुनु पर्दछ र मात्र सुशासन प्रवर्द्धन हुन्छ । यही कुरालाई मनन गर्दै जुरी नेपालले विगत सात वर्ष देखि संस्थागत सुशासन प्रवर्द्धन गर्ने औजारका रूपमा एक स्वतन्त्र परीक्षकबाट सामाजिक लेखा परीक्षण गराई त्यसको सबै सरोकारवालाहरू बिच प्रस्तुत गर्ने गरि आएको छ । यस वर्ष पनि सामाजिक लेखा परिक्षकले स्वतन्त्र रूपमा संस्थाका यस वर्ष भरिका गतिविधि, आर्थिक व्यवस्थापन, उपलब्धि, चुनौती र सिकाइलाई लेखाजोखा गरी आज प्रस्तुत गर्नु भएको हो । आज हामी तपाईहरूका सुझाव सुन्छौं र आगामी वर्षको कार्यक्रममा समेटेर सुधार गर्दै जाने छौं । आज प्रस्तुत गरिएका संस्थागत उपलब्धीहरू केवल जुरी नेपालका मात्र होइनन् यसमा सबै साझेदार तथा सरोकारवाला संस्थाहरूको पनि उत्तिकै भूमिका रहेको छ तसर्थ यसको श्रेय हामी सबैलाई दिन चाहन्छौं । कतिपय सुझावहरू कार्यान्वयनका लागि संस्थालाई अतिरिक्त आर्थिक भार समेत पर्न जाने हुनाले त्यस्ता सुझाव कार्यान्वयन नै गरिहाल्ने भन्ने प्रतिवद्धता नभइ त्यसलाई समेटेर जाने सकेसम्म प्रयत्न अवस्य गर्नेछौं भन्ने विश्वास दिलाउन चाहन्छु । अन्तमा आज उपस्थित भएर वित्तीय लेखा परिक्षणको सारांश प्रस्तुत गर्नुहुने चार्टर एकाउन्टेन ज्ञानेन्द्र भारी, सामाजिक लेखा परिक्षण विज्ञ बेद प्रसाद सापकोटा लगायत सबै अथिति एवं सहभागीहरूलाई सक्रिय सहभागिताका लागि धन्यवाद ।



बेदप्रसाद सापकोटा
(स्वतन्त्र सामाजिक लेखा परीक्षक)

अनुसुची १
संस्थागत सामाजिक परीक्षणको कार्यक्रम तालिका

जुरी-नेपालको सातौं सामाजिक परिक्षण तथा वार्षिक समीक्षा कार्यक्रम

(JuRI-Nepal's 7th Social Audit cum Annual Review Program)

मिति : २१ असोज, २०८३ (७ अक्टोबर, २०२६), बुधबार । समय: १०:३० देखि १:३० बजेसम्म ।

स्थान : अल्फा हाउस, बुद्दनगर, काठमाडौं ।


प्रस्तावित मस्यौदा कार्यक्रम तालिका

समय	कार्यक्रम	जिम्मेवारी
१०:३०-१०:४५	अतिथि आगमन तथा नाम दर्ता तथा चिया/कफी	जुरी-नेपाल
	कार्यक्रमको अध्यक्षता तथा अतिथिहरुलाई स्वागत तथा सम्बोधन	कार्यक्रमको अध्यक्षता : तनुजा बस्नेत, अध्यक्ष, जुरी-नेपाल **प्रमुख अतिथि** : : माननीय श्री हरिदत्त जोशीज्यू, कार्यबाहक अध्यक्ष, राष्ट्रिय समावेशी आयोग, हरिहरभवन, ललितपुर **विशेष अतिथि** : माननीय शेखरप्रसाद पौडेलज्यू, पूर्व न्यायाधीश, उच्च अदालत तथा प्रतिनिधि, न्यायाधीश समाज नेपाल श्री विश्वास रोकामगरज्यू, उपसचिव, राष्ट्रिय युवा परिषद, सानो ठिमी, भक्तपुर श्री पुष्पादेवी शाह, शाखा अधिकृत, महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय सिंहदरवार, काठमाडौं श्री अध्यक्षज्यू/प्रतिनिधिज्यू, नेपाल पत्रकार महासंघ, काठमाडौं श्री प्रतिनिधिज्यूहरु, विकास साझेदार **प्रतिनिधिहरु : अधिकारमुखी आयोगबाट** **प्रतिनिधिहरु : विकास साझेदार** **अतिथिहरु**
१०:४५-१०:५०	राष्ट्रिय गान प्रस्तुति	जुरी-नेपाल
१०:५०-११:००	स्वागत एवं कार्यक्रमको उद्देश्यबारे प्रकाश	रोश्ली पोखरेल, महासचिव, जुरी-नेपाल
११:००-११:४०	जुरी-नेपालको एक बर्ष : सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुति	श्री बेद प्रसाद सापकोटा, सामाजिक परीक्षक तथा सहजकर्ता
११:४०-११:५०	जुरी-नेपालको लेखा परिक्षण प्रतिवेदनका सम्वन्धमा लेखा परिक्षकको टिप्पणी/सुझाव	श्री ज्ञानेन्द्र भारीज्यू, चार्टड एकाउन्टेन्ट, BRS Neupane and Company, चार्टर्ड एकाउन्टेन्स् कम्पनी
११:५०-१२:२०	सुझाव तथा टिप्पणी सत्र (खुल्ला सत्र)	कार्यक्रममा उपस्थित विभिन्न सरकारी निकाय, संबैधानिक आयोग, विकास साझेदार तथा विभिन्न संघ संस्था, महासंघ र नागरिक समाजका प्रतिनिधिबाट सुझाव/मन्तव्य


समय	कार्यक्रम	जिम्मेवारी
१२:२०-१२:३५	अतिथि वक्ताहरुको तर्फबाट सुझाव टिप्पणी र मन्तव्य	अतिथि वक्ताहरुबाट सुझाव तथा मन्तव्य
१२:३५-१२:५०	प्रमुख अतिथिको मन्तव्य तथा सुझावहरु	**प्रमुख अतिथि** : माननीय श्री हरिदत्त जोशीज्यू, कार्यबाहक अध्यक्ष, राष्ट्रिय समावेशी आयोग, हरिहरभवन, ललितपुर
१२:५०-०१:००	जुरी-नेपालको प्रतिबद्दता सहित धन्यवाद ज्ञापन र कार्यक्रम समापन	श्री तनुजा बस्नेत, अध्यक्ष, जुरी-नेपाल
०१:००-०१:३०		दिवा खाना

अनुसुची २
सामाजिक परीक्षणमा सहभागी भएका सरोकारवालाहरुको नामावली

JuRI Nepal



JuRI Nepal



JuRI Nepal
कार्यसमिति भवन

(7th Social Audit and Annual Review Program)

	सहभागीको नाम	संस्थाको नाम	पद	ठेगाना	लिंग	समय	सहभागी समूहहरु तथा सरोकारवाला विषय (यदि लागुहुनेमा)					ईमेल	मोबाईल नम्बर	हस्ताक्षर
	Smrita Laxmi Shakya	Jury Nepal Members	Advocate	Kathmandu	Female	2		✓				Shakyasmrita@yahoo.com	9848325884	
	Raju K. Shrestha	Judges' Society Nepal	office secretary	Kathmandu	M	2		✓				rajulawkf@gmail.com	9741228481	
	Anuradha Koirala	Sanchaarika Samuha nepal	Program Coordinator	Kathmandu	M	9			✓			anurada.koirala@gmail.com	9851197907	
	Rohika KC	Body & Data	Research Associate	Lalitpur	F	9			✓			rohikakc10@gmail.com	9766883589	
	Samanjshita Dhakal	BDS	Geologist	Kathmandu	TM	9			✓			Samanjshita@gmail.com	9851070805	
	Subhasmi Rijung	FNJ/NTV	CCM/ Producer	Kathmandu	F	2	✓					Subhasmi@gmail.com	9857087886	
	Aarati Pista	JuRI	Member	Kathmandu	F	2			✓			aarati.pista@gmail.com	9851078214	
	Basant Adhikari	JuRI	NPM	ICTM		2			✓			adhikaribasant@hotmail.com	9803134911	
	कविता सिन्धाल	जुरी-नेपाल	का-अधिकृत		म	2			✓					
	पृथ्वी श्रेष्ठ	जुरी - नेपाल	परियोजना समन्वयक	चेपाङ्गेश्वर	म	9		✓				prithvisthaa@jurinepal.org.np	9863484946	
	सुना अधिकारी	जुरी - नेपाल	मुल्याङ्कन अधिकृत	चाबहिल	म	2			✓			sunaadhikari@jurinepal.org.np	9865533972	
	[illegible]	"	"	[illegible]	[illegible]	2	✓					[illegible]	[illegible]	
	Sujan Tamang	Blue Diamond Society	Rescue operation	Lazimpat	Male	2		✓				[illegible]	9823099279	
	Sarita Lama	NLC/CSRC	Facilitator	Tokha	Fe	3		✓				sarita@csrcnepal.org	9843977-825	
	Niharika Chaudhary	CSRC	Campaign officer	Tokha	Fe	2		✓				niharika@csrcnepal.org	[illegible]	Niharika
	Biru Napali	IMC	Program Coordinator	Thamel	M	2	✓					birupalpali.gmail.com	9851[illegible]	
	Amshana Pokharel	Bijuri Nepal	DS		F	2			✓					Amshana
	Rajendra Tamang	JuRI-Nepal	DA		M	2		✓					9841074842	
	Sunita Singh Thakuri	"	AFC		Female	2			✓					
	Ratna Shrestha	"	Adv.		M	3	✓						9851042992	

अनुसुची ३
कार्यक्रमका केही तस्बिरहरू











